# कटहरी गाउँपालिका
# Katahari Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of Rural Municipal Executive
कटहरी, मोरङ/Katahari, Morang

Koshi Province, Nepal
कोशी प्रदेश, नेपाल

प.सं. Ltr.No: ०८०।०८१
च.नं. Ref.No. ३६०

मिति(Date): २०८०/०५/३१

**विषय(Subject):** सामाजिक सुरक्षा कोषमा सूचीकरण सम्बन्धमा ।

श्री औपचारिक क्षेत्रका सबै प्रतिष्ठानहरु
तथा संघ संस्थाहरु, कटहरी गा.पा., मोरङ ।

प्रस्तुत विषयमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.न.१२२ मिति २०८०/०५/२४ गतेको पत्रानुसार आफूसँग आवद्ध रहेका सबै श्रमिकहरुको योजदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ र श्रम ऐन, २०७४ को व्यवस्था बमोजिम योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा अनिवार्य सूचीकृत गर्न गराउन भनी श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको मिति २०७५ कार्तिक २६ गतेको नेपाल राजपत्रमा प्रकाशित सूचना अनुसार गर्नहुन जानकारीका साथ अनुरोध छ।

बोधार्थः

- श्री श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सिंहदरबार, काठमाण्डौं ।
- श्रीसंघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाण्डौं ।
- श्री सूचना तथा प्रविधि शाखाः- Website मा Upload गरिदिनुहुन।

५।३१

प्रमुख प्रशासकीय अधिकृत



CamScanner

## नेपाल सरकार
## श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको सूचना

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को दफा १९ बमोजिम सामाजिक सुरक्षा कोष सञ्चालक समितिको सिफारिसमा देहायको क्षेत्रका रोजगारदाताले देहायको मितिले तीन महिनाभित्र सामाजिक सुरक्षा कोषमा सूचीकृत हुनको लागि सामाजिक सुरक्षा कोषले तयार गरेको अनलाइन कम्प्यूटर प्रणाली मार्फत निवेदन दिनु पर्ने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ :-

(क) काठमाडौं उपत्यका भित्रका रोजगारदाता र सबै श्रमिक आपूर्तिकर्ताले संवत् २०७५ मंसिर ६ गतेको मितिले,

(ख) काठमाडौं उपत्यका बाहेक प्रदेश नं. ३ को अन्य स्थानका रोजगारदाताले संवत् २०७५ मंसिर १५ गतेको मितिले,

(ग) प्रदेश नं. १ का रोजगारदाताले संवत् २०७५ पुस १ गतेको मितिले,

(घ) प्रदेश नं. २ का रोजगारदाताले संवत् २०७५ पुस १५ गतेको मितिले,

(ङ) गण्डकी प्रदेश र प्रदेश नं. ५ का रोजगारदाताले संवत् २०७५ माघ १ गतेको मितिले,

(च) कर्णाली र सुदुरपश्चिम प्रदेशका रोजगारदाताले संवत् २०७५ माघ १५ गतेको मितिले ।

**द्रष्टव्य** : माथि उल्लेख भए बमोजिम रोजगारदाता सूचीकरण भएको मितिले तीन महिना भित्र योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को दफा २० बमोजिम रोजगारदाताले आफूले नियुक्त गरेको वा रोजगार सम्बन्ध कायम गरेको व्यक्तिलाई सूचीकरण गराउनु पर्नेछ ।

आज्ञाले  
रामप्रसाद घिमिरे  
नि. सचिव

CS CamScanner

नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

(प्रशासन शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल।

प.सं.:- ०८०/८१
च.नं.:- प्र.-२६६८

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- १०५४
दर्ता मिति:- ५/२४

मिति:- २०८०/०५/२२

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

विषयः- सामाजिक सुरक्षा कोषमा सूचीकरण सम्बन्धमा।

प्रस्तुत विषयमा योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ र श्रम ऐन, २०७४ को व्यवस्था बमोजिम औपचारिक क्षेत्रका सबै प्रतिष्ठानहरुलाई सामाजिक सुरक्षा कोषमा अनिवार्य सूचीकृत भई आफूसँग आबद्ध रहेका सबै श्रमिकहरुलाई सामाजिक सुरक्षा कोषमा सूचीकरण गराउनका लागि मिति २०७५ कार्तिक २६ गतेको नेपाल राजपत्रमा सूचना प्रकाशन भएको र श्रम ऐन, २०७४ को दफा ५२ र ५३ मा रोजगारदाताले प्रत्येक श्रमिकको केही रकम सञ्चय कोष तथा उपदान बापत जम्मा गर्नुपर्ने व्यवस्था भएतापनि हालसम्म पनि श्रमिकहरुको सूचीकरण नगराएको वा श्रमिकको योगदान रकम कोषमा जम्मा नभएको लगायतका गुनासाहरु सामाजिक सुरक्षा कोषमा प्राप्त भएको हुँदा प्रस्तुत सन्दर्भमा तहाँ मन्त्रालय मार्फत सबै स्थानीय तह स्थित कार्यालयहरुमा सबै प्रतिष्ठानहरुलाई सामाजिक सुरक्षा कोषमा सूचीकरण गराउनका लागि समन्वय एवं परिपत्र गरी सहयोग गरिदिनु हुन निर्णयानुसार अनुरोध छ। साथै, मिति २०७५ कार्तिक २६ गतेको नेपाल राजपत्रमा प्रकाशन भएको सूचना यसै पत्रसाथ संलग्न गरिएको छ।

(दिनेश ढकाल)
शाखा अधिकृत

स्थानीय ... समन्वय शाखा

फोन नं.:-०१-४२११९६३, ०१-४२००५९५, फ्याक्स नं.:-०१-४२११८७७, टोल फ्रि नं.:- १६६००१५०००५, श्रम कल सेन्टर फोनः-११४१
ईमेलः-admin@moless.gov.np, वेब साईटः- www.moless.gov.np

CamScanner

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरवार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.:-२०८०/८१ चलानी नं.:- ९२२

मिति:- २०८०/०५/२४

विषय:- जानकारी सम्वन्धमा।

श्री स्थानीय तह (सबै)।

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको च.नं. २६६ मिति २०८०/०५/२२ को सामाजिक सुरक्षा कोषमा सूचीकरण सम्बन्धी पत्र र सोसाथ प्राप्त कागजातहरु आवश्यक जानकारीको लागि यसैसाथ पठाइएको व्यहोरा अनुरोध छ।

आयुषी भट्टराई
शाखा अधिकृत

बोधार्थ:

श्री श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सिंहदरवार, काठमाण्डौं।

श्री सूचना तथा प्रविधि शाखा:- Website मा Upload गरिदिनुहुन।

दर्ता नं ८८८
दर्ता मिति २०८०/०५/२६

सिंहदरबार, काठमाण्डौं फोन नं.-४२००५११/४२००३०४
ईमेल:- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np
वेबसाईट:- www.mofaga.gov.np